
# लेखापरीक्षण प्रतिवेदन

# मेलौली नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मेलौली नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2081/82 मिति : २०८२-२-१०

च.न.:FAR/2080-81/LOC/684

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
मेलौली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बैतडी।

**कैफियतसहितको राय**

हामीले मेलौली नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ३७ लाख ८१ हजार, पर्यटन पूर्वाधार विकासको रु.२४ लाख ४६ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३ लाख ५० हजार समेत रु.११ करोड ६५ लाख ७७ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको रु.९१ करोड ५ लाख ९८ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ३८ लाख ६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५ लाख ६५ हजारको प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.१६ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३६ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७३ लाख ६७ हजार र पेस्की बाँकी रु.५ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु.२१ करोड ७४ लाख ३८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ८३ लाख

८२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ४६ | ४,३८,०६,३८८ | ० | ५ | ५,६५,२२१ | ० | ६७ | ४१ | ४,३२,४१,१६८ | १६,३५,२२२ | २,७३,६६,८७२ | १,३६,८९,०७४ | ० | ० | ४,१०,५५,९४४ | ५,५०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | २१,७४,३८,००० | ० | २२,९६,६७६ | २१५१४१३२४ | ० | ४,३२,४१,१६८ | २५८३८२४९२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५२ | पाठ्यपुस्तक | ७२,१६७ |
| २ | २०७९/८० | ५८ | शिक्षातर्फ | ८,७४,५०० |
| ३ | २०७९/८० | ५७ | ल्यापटप खरीद | १,५३,९९९ |
| ४ | २०७९/८० | २४ | लागत सहभागिता | १,३३,५०० |
| ५ | २०७९/८० | २५ | खाजा भत्ता | ५२,६५० |
| ६ | २०७९/८० | ३४ | अग्रिम आयकर | १६,०२७ |
| ७ | २०८०/८१ | २.५ | वित्तीय प्रतिवेदनको विश्लेषण | ३,०३,०५४ |
| ८ | २०८०/८१ | १९ | म्याद नाघेको पेश्की | १,९०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | १९ | पेश्की | ६,६६,००० |
| १० | २०७८/७९ | १९ | पेश्की | ४,००,००० |
| जम्मा | | | | २८,६१,८९७ |

# (८०७७४४०४३०० - मेलौली नगरपालिका, बैतडी )

# मेलौली नगरपालिका , बैतडी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ११९.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २२५४५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१७ देखि २०८१।०५।२० सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययत रु.९१ करोड ५ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८३४८२२५८.९४ | ० | ८३४८२२५८.९४ | ७७८७८०४४.८ | ० | ७७८७८०४४.८ |
| १३००० | अनुदान | ३३५४५०३८५.३ | ० | ३३५४५०३८५.३ | ३८२०४३८६८.०८ | ० | ३८२०४३८६८.०८ |
| १४००० | अन्य राजस्व | ३७५२७५.३ | ० | ३७५२७५.३ | ३६५०३७१.०२ | ० | ३६५०३७१.०२ |
| क | **कुल जम्मा प्राप्ति** | ४१९३०७९१९.५४ | | ४१९३०७९१९.५४ | ४६३५७२२८३.९ | | ४६३५७२२८३.९ |
| ३ | चालु | ३३६४८२३३१.१२ | ० | ३३६४८२३३१.१२ | ३३७५३२३२६.७७ | ० | ३३७५३२३२६.७७ |
| २१००० | पारिश्रमिक / सुविधा | २०४४८५३१४.२३ | ० | २०४४८५३१४.२३ | १८८५५४९६५.९३ | ० | १८८५५४९६५.९३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६४९६०९७४.६३ | ० | ६४९६०९७४.६३ | ११६३११०८८.२४ | ० | ११६३११०८८.२४ |
| २५००० | सहायता (Subsidy) | २७८३५२०८.४८ | ० | २७८३५२०८.४८ | २५९४३३८६.६६ | ० | २५९४३३८६.६६ |
| २६००० | अनुदान | २५५१८३१२.७८ | ० | २५५१८३१२.७८ | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ११८८७७२१. | ० | ११८८७७२१. | ४९६०४६८.९४ | ० | ४९६०४६८.९४ |
| २८००० | अन्य खर्च | १७९४८००. | ० | १७९४८००. | १७६२४१७. | ० | १७६२४१७. |
| ४ | पूंजीगत | ८८०७६१०७.०८ | ० | ८८०७६१०७.०८ | १३२९७८७७४.३७ | ० | १३२९७८७७४.३७ |
| ३१११० | भवन तथा संरचना | १२७२१२३५. | ० | १२७२१२३५. | ३४७०७८३०.६१ | ० | ३४७०७८३०.६१ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ३५४४७३३. | ० | ३५४४७३३. | २२९५३४१. | ० | २२९५३४१. |
| ३११३० | अन्य पूँजीगत खर्च | ३९९९९३. | ० | ३९९९९३. | १५०१४५१. | ० | १५०१४५१. |
| ३११४० | सुरक्षा उपकरण | १९१७१०. | ० | १९१७१०. | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ६५५९७४८२.७६ | ० | ६५५९७४८२.७६ | ७५४२६६५६.७६ | ० | ७५४२६६५६.७६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ३४८०४०. | ० | ३४८०४०. | १२६९२९७७. | ० | १२६९२९७७. |
| ३११७० | पूँजीगत सुधार खर्च | ५१७२९१३.३२ | ० | ५१७२९१३.३२ | ६३५४५१८. | ० | ६३५४५१८. |
| ३१४४० | अपृष्य सम्पत्ती प्राप्ती खर्च | १०००००. | ० | १०००००. | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | **कुल जम्मा भुक्तानी** | ४२४५५८४३८.२ | | ४२४५५८४३८.२ | ४७०५११७०१.१४ | | ४७०५११७०१.१४ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -५२५०५१८.६६ | | -५२५०५१८.६६ | -६९३८८१७.२४ | | -६९३८८१७.२४ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | -९६०९८४८.२८ | | -९६०९८४८.२८ | २३५२७८९.८४ | | २३५२७८९.८४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | -१८,४४७.५१ | | -१८,४४७.५१ |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -१४८६०३६६.९४ | | -१४८६०३६६.९४ | -४५८६०२७.४ | | -४५८६०२७.४ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ६९०५२४०१.७८ | | ६९०५२४०१.७८ | ७३६१९९८१.६७ | | ७३६१९९८१.६७ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ५४१९२०३४.८४ | | ५४१९२०३४.८४ | ६९०३३९५४.२७ | | ६९०३३९५४.२७ |

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले पर्यटन पूर्वाधार विकास आयोजनामा रु.२४४६५१२।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममारू.३५००००।००, र समाजिक सुरक्षा तथा संरक्षणमा रू.११३७८०९२१।००समेत गरी रु.११६५७७४३३।०० सुत्रमा लेखाङ्कन गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६९०३३९५३।२७ मौज्दात रहेकोमा यो वर्ष रु. ६९०५२४०१.७८जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८४४८.५१ बढी जिम्मेवारी सारेको देखिन्छ। पालिकाले यकिन गरी हिसाव मिलान गर्नु पर्छ।

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार

रू.५४१९२०३४।८४ र बैङ्कमा मौज्दात रू.६३५०००५ देखिएको छ। बैङ्कमा बढी रकम रू.९३०७९७०।०० भएको विषयमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

| टिप्पणी ६.२ नगद र बैक मौज्दात | | | | | | |
|---|---|---|---|---|---|---|
| संकेत | कोषखाता | गतबर्षको मौज्दात रकम | घट/बढनगद | स्रेस्ता अनुसार मौज्दात रकम | बैकअनुसार | फरक |
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ५०२९९४१२.९३ | -५२५०५१८.६६ | ४५०४८८९४.२७ | ४५०४८८९४.२७ | ० |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | ८९७४०४७.४८ | -६८६४३४.२६ | ८२८७६१३.२२ | ८२८७६१३.२२ | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | | ० | ० | ० |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | | ० | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | | ० | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | | ० | ० | ० |
| ग २.७ | विविधखर्च खाता | १०५३७२००. | -१०५३७२००. | ० | ८५५५२७.३५ | ८५५५२७ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | -७५८२५८.६३ | १६१३७८५.९८ | ८५५५२७.३५ | ९३०७९७०. | ८४५२४४३ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ० | | ० | | ० |
| जम्मा | | ६९०५२४०१.७८ | -१४८६०३६६.९४ | ५४१९२०३४.८४ | ६३५०००५ | ९३०७९७० |

२.५ **सुत्रमा आम्दानी नबाँधेकोः**

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२०३,०५३.९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- सम्पूर्ण कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणालीबाट मात्र गर्नुपर्नेमा सबै कारोवार सुत्र प्रणालीमा समावेश भएको देखिएन।
- वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेको देखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम चौथो त्रैमासिकमा खर्च गरेको देखियो।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा त्यस्तो योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रीय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-१४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।

- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२, ९३ र ९४ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्बन्धमा भण्डार प्रमुख, कार्यालय प्रमुख तथा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाएको छ। कार्यालयमा २०८१ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण अद्यावधिक गर्नुपर्नेमा त्यस्तो मौज्दात विवरण तयार गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

४ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले ऐनमा उल्लिखित त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **बजेट व्यवस्थापन**

नेपालको संविधानको धारा २३० मा स्थानीय तहले आय व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय र प्रदेश कानुन बमोजिम घाटा बजेट पुर्तिको स्रोत समेत प्रस्ताव गर्नु पर्ने व्यवस्था छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ मा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आयको अनुमान प्रक्षेपण गर्दा आफ्नो स्रोतबाट संकलन हुन सक्ने अनुमानित राजस्व रकम पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पारित गरेको बजेटमा कूल व्यय अनुमान रू.५६ करोड ७१ लाख ९७ हजार ९७८।०० मध्ये रू.३ करोड ५३ लाख ४७८ स्थानीय तहको आन्तरिक स्रोतबाट संकलन गरिने गरी प्रक्षेपण गरेको छ। गत वर्ष आन्तरिक आय रू.३८ लाख ५ हजार ८३२ संकलन भएकोमा यो वर्ष राजस्वको कुनै नँया स्रोत आर्थिक ऐनमा समावेश नभएको र

राजस्वका दर समेत अस्वभाविक रुपमा नबढेको अवस्थामा आन्तरिक राजस्वको आंकलन अस्वभाविक ९२७ प्रतिशतको राजस्व वृद्धिको लक्ष्य अबैज्ञानिक समेत देखियो। यो वर्षको अन्तिम संशोधित बजेट रू.४१ करोड ९३ लाख ८ हजार कायम भएको छ। यो वर्ष रू.३५ लाख ८० हजार आन्तरिक आय संकलन भएको देखियो। आय व्ययको अनुमान यथार्थ आकँडा र तथ्याङ्कमा आधारीत हुनुपर्दछ। बजेट व्यवस्थापनको सर्वमान्य सिद्धान्तहरुको पालना गर्न पालिकाको ध्यान जानुपर्दछ।

## ८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाको उपप्रमुखले मिति २०८० असार १० मा रू.५६ करोड ७२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० असार ३१ मा पारित भएको छ। यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८० श्रावण ५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## ९ रकमान्तर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पूँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर गर्नु नहुने व्यवस्था उल्लेख छ। यो वर्ष पालिकाले निम्नानुसार ९ चालु प्रकृतिका योजनामा रू.३१३०४२६।०३ रकमान्तर गरी वढाएको देखाएकोमा रू.७२०४२६।०३ पुँजीगत शिर्षकबाट चालु प्रकृतिका योजनामा रकमान्तर गरेको छ। पुँजीगत शिर्षकबाट चालु प्रकृतिका योजना तथा कार्यक्रमा रकमान्तर भएको रकम नियमित गर्नुपर्दछ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्चउपशिर्षक | रकम |
|---|---|---|---|
| १ | करारकर्मचारी भर्ना तथा ब्यबस्थापन | २२४११ | ३००००० |
| २ | करारकर्मचारी भर्ना तथा ब्यबस्थापन | २२४११ | २००००० |
| ३ | संगठनर ब्यबस्थापन ( ओ.एण्ड एम) सर्बेक्षण | २२५२९ | २५०००० |
| ४ | नगरस्नातरियराष्ट्रपति रनिङ शिल्ड थप बजेट | २२५२२ | १३०००० |
| ५ | नगरस्नातरियराष्ट्रपति रनिङ शिल्ड थप बजेट | २२५२२ | १८०००० |
| ६ | नगरस्नातरियराष्ट्रपति रनिङ शिल्ड थप बजेट | २२५२२ | ६००००० |
| ७ | पदाधिकारीदैनिक भ्रमण भत्ता | २११४९ | ५००००० |
| ८ | पर्यटनपुर्वाधार मेलौली भगवती मन्दिर परिसर घेरपर्खाल तथा गेट निर्माण समपुरक | २२५२९ | ४७०४२६.०३ |
| ९ | आइएल जि प्रोफाईल सम्झौता रकम भुत्तानी | २२५२९ | ५००००० |
| जम्मा | | | ३१३०४२६.०३ |

| | |
|---|---|
| अनियमित भएको | ७,२०,४२६.०३ |

## १० योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था

अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट विनियोजन गरेको अवस्था छ।यो वर्ष रू.१ लाख भन्दा साना २८ योजना कार्यान्वयन गरेर रू.२४ लाख ५१ हजार र रू.१ लाख भन्दा ठूला ५ लाख सम्मका ६४ आयोजना कार्यान्वयन गरी रू.१ करोड ५२ लाख ३८ हजार खर्च गरेको छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छ।

| **विवरण** | **योजना संख्या** | **बजेट खर्च रु** |
|---|---|---|
| ० | ९२ | ० |
| १ लाख सम्म | २८ | २४५०९२१ |
| १ देखि ५ लाख सम्म | ६४ | १५२३८२६२ |
| ५ देखि १० लाख सम्म | ९ | ६७७१९९२ |
| १० देखि २० लाख सम्म | ९ | १२९८३७९९. |
| २० देखि ५० लाख सम्म | ९ | २५१०२८३४.०८ |
| ५० लाख देखि माथी | २ | १३७३०६८८. |
| **जम्मा** | **२१३** | **७६२७८४९६.०८** |

## ११ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३५(१) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियमावलीमा भएको व्यवस्था बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण बनाउनु पर्दछ। खर्चको फाँटवारीको विश्लेषण गर्दा निम्न वार्षिक प्रगतिको स्थिति देखाउछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | ५५ | १८ | १ | ३ | ३ | ३० | १०१४६३६४ |
| ३११०० | २१३ | ९२ | ३ | ९ | १० | ९९ | ७६२७८४९६.०८ |
| जम्मा | २६८ | ११० | ४ | १२ | १३ | १२९ | ८६४२४८६०.०८ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार २६८ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ११० वटा कार्यक्रम छन। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या १२९ वटा रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ११० वटा शुन्य प्रगति भएको देखियो।
- २६८ आयोजना मध्ये खर्च नै नभएको ११० योजना तथा कार्यक्रम बाहेक १५८ योजना तथा कार्यक्रममा रू. ८ करोड ६४ लाख २५ हजार खर्च गरेको छ।

पालिकाले लक्ष्य अनुसारको प्रगती हासिल गर्न ध्यान दिनुपर्छ ।

१२ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष रू.८ करोड ८० लाख ७६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.६ लाख ३५ हजार अर्थात ०.७२ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.२ करोड ३६ लाख २७ हजार अर्थात २६.८३ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.६५ लाख ५५ हजार अर्थात ७.४४ प्रतिशत, र चौथो त्रैमासिकमा रू.५ करोड ७२ लाख ५८ हजार अर्थात ६५.०१ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ८ लाख १७ हजार अर्थात ३४.९९ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८८०७६१०७.०८ | ६३५०५० | २३६२७१६९ | ६५५५४८४.०८ | ५७२५८४०४ | ३०८१७७०३.०८ |
| प्रतिशत | १०० | ०.७२ | २६.८३ | ७.४४ | ६५.०१ | ३४.९९ |

१३ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू. ७ करोड ६२ लाख ७८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएको देखिएन। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। उपर्युक्त विवरण अनुसार यो वर्षको बजेट खर्चमध्ये सबै भन्दा बढि समाजिक विकासमा ६३.०७ प्रतिशत र सबै भन्दा कम सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा १.५३ प्रतिशत खर्च भएको देखियो। आवधिक योजना बनाइ दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य अनुसार बजेट कोडिङ गरी सोही अनुसार बजेट विनियोजन तथा व्यवस्थापन हुनुपर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१६३६५०५ | १८५०७४३० | ४.३६ |
| २ | सामाजिक विकास | ३१८७९४९८२ | २६७७६७२४२.०१ | ६३.०७ |
| ३ | पूर्वाधार विकास | ९८४४५९८०.७७ | ६३१८६९८७.०८ | १४.८८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९९४२३५० | ६४८७००४ | १.५३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५५३२९८७.९८ | ६८६०९७७५.११ | १६.१६ |
| | जम्मा | ५५४३५२८०५.७५ | ४२४५५८४३८.२० | १००.०० |

१५ **जिन्सी निरीक्षण प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९२, ९३ र ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने विभिन्न जिन्सी ६८ थान र लिलाम गर्नु पर्ने विभिन्न जिन्सी ११६ थान देखिन्छ। नियमावलीको व्यवस्था अनुसार उक्त जिन्सी मालसामानको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरेको नदेखिएकोले सोही बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१६ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | प्राप्त | खर्च | बाकी | फिर्ता | बैक दाखिला |
|---|---|---|---|---|---|---|
| सघ सरका | शसर्त अनुदान चालु | २३७८१६०००.०० | २१६२८२५८७.६९ | २१५३३४१२.३१ | २१५३३४१२.३१ | २१५३३४१२.३१ |
| | शसर्त अनुदान पुँजीगत | १६२००००००.०० | १२५५६२१७.६१ | ३६४३७८२.३९ | ३६४३७८२.३९ | ४४१३७८८.३९ |
| | विषेश अनुदान पुँजीगत | ८७११९३८.०० | ८५०१६०३.०० | २१०३३५.०० | २१०३३५.०० | ०.०० |
| | समपुरक अनुदान पुँजीगत | २७२२०८८.०० | २१६२४१७.०० | ५५९६७१.०० | ५५९६७१.०० | ०.०० |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | ५५००००.०० | ४९९९१५.०० | ५००८५.०० | ५००८५.०० | ५००८५.०० |
| | शसर्त अनुदान पुँजीगत | २६०००००.०० | २३९५१४१.०० | २०४८५९.०० | २०४८५९.०० | १०६८४९६.०० |
| | विषेश अनुदान पुँजीगत | ०.०० | ०.०० | ०.०० | | |
| | समपुरक अनुदान पुँजीगत | २६२५०००.०० | १५५६५०४.०० | १०६८४९६.०० | १०६८४९६.०० | २०४८५९.०० |
| | जम्मा | २७१२२५०२६.०० | २४३९५४३८५.३० | २७२७०६४०.७० | २७२७०६४०.७० | २७२७०६४०.७० |

१७ **अनुगमन**

समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुदा न ११ र सुदूरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुदा न १२ संघीय र प्रदेशबा विशेष र समपुरकअनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति तथा प्रदेशको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक

समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ ।

| **क्र स** | **स्रोत** | **संचालित योजनाहरु** | **बजेट खर्च** |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | पचकोरा गाडकोट तितावै सडक सडक योजना | ४०६५६९५।०० |
| | | पचकोरा गाडकोट तितावै सडक सडक योजना दोस्रो चरण | १५५५६८२।०० |
| २ | संघीय बिशेष अनुदान | जगदम्बा मा वि मल्टिस्टोरी भवन निर्माण | ६२११९३७।०० |
| **जम्मा** | | | **११८३३३१४।००** |
| १ | प्रदेस समपुरक अनुदान | मेलौली नगरपालिकाका सार्वजनिक स्थलमा सौचालय निर्माण | २९११३०३।०० |
| | | मेलौली नगरपालिकाका सार्वजनिक स्थलमा सौचालय निर्माण दोस्रो चरण | ६७४८४९।०० |
| २ | प्रदेश विशेष अनुदान | नभएको | ० |
| | | | ३५८६१५२।०० |
| **कूल जम्मा** | | | **१५४१९४६६।००** |

१८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण लेखापरीक्षण गराएको देखिएन। आन्तरिक लेखापरीक्षण सेवा तर्फको पदपुर्ति नभएको अवस्था छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१९ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार फर्म तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रू.२६४००००।०० बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ।

| क्र.सं. | पेश्की लिएकोमिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्तीफर्म वा कम्पनीको नाम | म्याद नाघेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११/१३/२०८० | वडाकार्यालय भवन निर्माण | न्युजगदम्बा निर्माण सेवा | ५५०००० | |
| २ | ०२/१७/२०८१ | मल्टीस्टोरीविद्यालय भवन निर्माण जगदम्वा मा.वि. हतरंगा वडा नं.-६ | श्रीदोगडाकेदार – अखिल जे . भी | १९००००० | संघीय विशेष अनुदान तर्फको पेश्कीको अलगै ब्यहोरा कायम भएको |
| | जम्मा | | | २४५०००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ५,५०,००० |

२० **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समाबेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। तर पालिकाको हकमा पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ। यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी चालु तर्फ रू.२८२२८४१।०० र पुँजीगत तर्फ रू.११७९७६११।०० गरी रू.१४६२०४५२।०० रकम भुक्तानी गरेको छ। पालिकाले विशेष अवस्थामा वाहेक आगामी आर्थिक वर्ष दायित्व सिर्जना हुने गरी कार्य गर्नुहुदैन।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### २१ आर्थिक कार्यविधि तथा खरिद ऐन नियमावली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ मा स्थानीय तहको सार्वजनिक खरिद ऐनको अधिनमा रहि खरिद नियमावली बनाउन सक्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १३० मा यसै नियमावलीको अधिनमा रहि स्थानीय तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाउन सक्ने व्यवस्था छ। संघीय सार्वजनिक खरिद नियमावली तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा स्थानीय तहको संरचना अनुसार काम कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्ट व्यख्या नभएकोले आफ्नो नियमावली बनाउनु पर्ने आवश्यकता देखियो। पालिकाले यी दुवै नियमावली बनाएको छैन। खरिद तथा आर्थिक कार्यविधिलाई थप व्यवस्थित गर्न आर्थिक सम्बन्धी नियमावलीहरु बनाउनु पर्दछ।

### २२ अधुरो योजना तथा दायित्व बाकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानुन बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा न ४.१.५ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गत वर्षको भुक्तानी दिन बाँकी लगायत त्रमागत तथा अधुरो योजनाको शिर्षकमा रू ४५४६९६३८।०० यो वर्ष बजेटमा राखि ब्ययको अनुमान गरिएको छ भने यो वर्षको भुक्तानी दिन बाँकी तथा अधुरो तथा क्रमागत योजनाको लागि रू.१११६६२५२।०० राखी आ. व. २०८१।८२ को लागि ब्यय अनुमान गरिएको देखियो। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमुलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमुलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वियनमा समेत प्रभाव परेको देखीयो। अतः यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

### २३ घर विदा वापतको रकम

शिक्षा नियमावली, २०५९ तथा निजामती सेवा नियमावली, २०५० मा अवकाश नहुदै संचित घर विदा वापतको पाउने सुविधा लिन पाउने व्यवस्था गरेको छैन। यस पालिकाले कार्यापालिकाको निर्णयले १५५ दिनको घर विदा वापतको रकम नेपाल सरकार नगद अनुदान(२१११११) बाट शिक्षक लालदत्त ओझालाई स्रोत व्यक्तिको रुपमा काजमा बसेको अवधि १५५ दिनको गणना गरी सोही आधारमा प्राप्त हुने घर विदा वापतको रू.१५४३७१।०० भुक्तानी गरेको छ। अवकास नहुदै संचित घर विदा वापतको रकम अग्रिम भुक्तानी गर्न सक्ने वा मिल्ने कानूनी आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,३७१ |

### २४ तलवी प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित

कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ। यो वर्ष पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई रू.४२४९६७९४।५९ तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

२५ **वैदेशिक भ्रमण**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।६।५ को निर्णयले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका २०७५ को निर्दशिका नं ४ मा पदाधिकारीको विदेश भ्रमण गर्दा जिल्ला समन्वय समितिका प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकार र अन्य पदाधिकारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गर्ने व्यवस्था छ। पालिकाका प्रमुखले The First Belt and Road Chinese University and Overseas Partner exchange Conference को निमन्त्रणामा चिनको बैदेशिक भ्रमणमा रू.२००००० खर्च भएको देखियो। पालिका प्रमुखले बैदेशिक भ्रमण गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको स्वीकृति लिएको देखिएन। पालिका प्रमुखले बैदेशिक भ्रमण गर्दा सम्बन्धित निकायबाट स्वीकृत लिएर मात्र भ्रमण गर्नु पर्दछ।

२६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २४ पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत, सि.डि.ई. सहित ३५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२७ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ७३ कर्मचारीहरु करारमा राखी रू. १७४३१५२८।३० खर्च लेखेको छ। पालिकाले व्यवस्थापन सर्वेक्षण गरी स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्छ।

२८ **औद्योगिक ग्राम स्थापना**

औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०७५ को बुदा न. १२(क) औद्योगिक ग्राम स्थापना गर्ने कुल निर्माण लागतको ४० प्रतिशत वा रू.३ करोड जुन कम हुन्छ सो रकम नेपाल सरकारले स्थानीय तहलाई उपलव्ध गराउने व्यवस्था छ। त्यसैगरी बुदाँ न १२ मा औद्योगिक ग्राम निर्माण तथा विकास गर्दा स्वीकृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने र उक्त कार्य लगायत पुर्वतयारीमा लाग्ने सम्पुर्ण खर्च स्थानीय तहले व्यहोर्नु पर्ने व्यवस्था छ। पालिकालाई उद्योग मन्त्रालय मार्फत आ. व. २०७७।७८ मा रू.९२ लाख औद्योगिक ग्राम स्थापना तथा निर्माणको लागि रकम उपलव्ध गराएकोमा वातावरणीय अध्ययन प्रतिवेदन हाल सम्म बनाउन नसकी औद्योगिक ग्राम निर्माणको कार्य शुरु सम्म हुन सकेको छैन। औद्योगिक ग्रामको लागि जग्गा टुंगो लागि सकेको, डिपिआर समेत तयार भएतापनि डिभिजन वन कार्यालयसँग समन्वय हुन नसक्दा वातावरणीय अध्ययन प्रतिवेदन तयार हुन नसकी यो योजना विगत ४ वर्ष देखि रोकिएको छ। मन्त्रालयले उलव्ध गराएको रकम स्थानीय सञ्चित कोषमा मौज्दात रहेको छ। वर्षेनि हुने मुल्य वृद्धि लगायतका कारण आयोजनाको लागत बढ्दै जाने र नेपाल सरकारले उपलव्ध गराउने रकम निश्चित हुने भएकोले योजना निर्माणमा हुने विलम्बले पालिकालाई लागत बढाउदै गएको देखियो। तसर्थ सम्बन्धित निकायहरुसँग समन्वय गरी योजनाको काम अघि बढाउनु पर्दछ अन्यथा नेपाल सरकारबाट प्राप्त रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला हुनुपर्दछ।

२९ **नगर खेलकुद कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ मा खरिद कारवाहिको तयारी अन्तर्गत खरिद योजना बनाई सोही अनुसार विधिवत रुपमा लागत अनुमान तयारी गरी ऐन नियमावलीमा तोकिएको कुनै खरिद विधि छनौट गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ मा खर्चको प्रकृति अनुसार बजेट खर्च शिर्षकको ब्याख्या गरेको छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न समयमा खेलकुद कार्यक्रम अन्तर्गत खरिद योजना र लागत अनुमान वेगर सोझै व्यक्ति वा संस्थालाई पेश्कीको रुपमा रकम उपलव्ध गराई खेलकुदका सामाग्री, खेलाडी तथा प्रशिक्षकको पोशाक, खाना खाजा तथा होटेल बास खर्च, यातायात खर्च, लयागत वापत रू २७९००००।०० खर्च गरेको छ। पालिकाले आफ्नो आवधिक योजनाले तय गरेको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी दिर्गकालिन लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्दछ।

| **विवरण** | **भुक्तानी रकम** |
|---|---|
| नरेन भट्टलाई मलेसीयामा उत्कृष्ठ खेल प्रदर्शनी गरेवापत पुरुस्कार | ५००००।०० |
| नगरस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन | ८०००००।०० |
| ३०० खेलाडीलाई पोशाक खरिद | ३६००००।०० |
| विद्यार्थीलाई पोशाक खरिद वापत रकम निकासा | १४८००००।०० |
| जिल्ला स्तरीय राष्ट्रपति रनिङ् सिल्ड प्रतियोगिताको लागि जिल्ला खेलकुद विकास समितिलाई भुक्तानी | १०००००।०० |
| जम्मा | २७९००००।०० |

३० **सडक बोर्डतर्फको कार्यक्रम**

सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा स्थानीय अन्तर्गतको सडकको कूल अनुमानित लागतको ३० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार योजनामा सडक बोर्ड र पालिकाले व्यहोरेको स्रोत अनुपात मिलेको देखिएन। निम्नानुसार ४ योजनाको कूल लागत रू २३५९७२०।०० मध्ये ३० प्रतिशतले हुने रू.७०७९१६।०० पालिकाले व्यहोर्नु पर्ने अवस्थामा रू.३८७८१५।०० मात्र पालिकाको स्रोतबाट भुक्तानी भएको देखिएकोमा रू ३२०१०१।०० सडक वोर्ड स्रोतबाट बढि भुक्तानी भएको देखियो। अत सडक वोर्ड कोष खाताबाट बढि अनुपातमा भएको भुक्तानी सोही खातामा सोधभर्ना गरी उपरोक्त मार्गदर्शन अनुसार फिर्ता गर्नुपर्दछ।

| क्र.स. | योजनाको नाम | सडक वोर्ड | नगरपालिका | जम्मा | नगरपालिकाले व्यहोर्नुपर्ने रकम | नगरपालिकाले बढि (कम)व्यहोरिएको रकम |
|---|---|---|---|---|---|---|
| १ | तिनजोना हार्दाखान खाडा सडक मर्मत | ३५०५९७.०० | १९९४५९.०० | ५५००५६.०० | १६५०१६.८० | ३४४४२.२० |
| २ | स्वास्थ्य चौकी देखि खालीगाड गजेडी सडक मर्मत | ४३९४९६.०० | १८८३५६.०० | ६२७८५२.०० | १८८३५५.६० | ०.४० |
| ३ | स्यालतडि कुजागाँउ दुर्गास्थान सडक मर्मत | ४६४२५९.०० | ०.०० | ४६४२५९.०० | १३९२७७.७० | -१३९२७७.७० |
| ४ | नेटाखान तिताबै सडक मर्मत | ७१७५५३.०० | | ७१७५५३.०० | २१५२६५.९० | -२१५२६५.९० |
| | जम्मा | १९७१९०५.०० | ३८७८१५.०० | २३५९७२०.०० | ७०७९१६.०० | -३२०१०१.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२०,१०१ |

३१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारीलाई फिल्ड भत्ता र प्रोत्साहन भत्ता वापत रू.१६९६४५७।८५ भुक्तानी भएको अवस्थामा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्णय सभाबाट पारित गरी खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी कर्मचारीलाई प्रोत्साहन स्वरुप अतिरिक्त भुक्तानी गर्नु पर्दछ।

३२ **आवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो बमोजिम अवकास कोष स्थापना गरेको देखिएन। कानून बमोजिम अवकाश कोषको व्यवस्था गरी अवकाश हुने कर्मचारीको दिगो आर्थिक व्यवस्थापनमा पालिकाको ध्यान जानु पर्दछ।

३३ **अन्य संस्थाको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| विवरण | खर्च रकम |
|---|---|
| सशस्त्र प्रहरी गुल्म बन ५१ न को भान्सा घर निर्माण | ८९५९९।०० |
| ईलाका प्रहरी कार्यालय तस्पदेही मासिक १० लिटर पेट्रोल र २५ लिटर डिजेल | ७२०००।०० |

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई भएको राजश्व बाँडफाँटको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यो वर्ष विभिन्न व्यक्तिलाई रू.४५६०६५।०० आर्थिक सहायता वितरण गरेको पाइयो। पालिकाको आफ्नो आन्तरिक आय न्युन रहेको अवस्थामा यस्ता खर्चलाई निश्चित मापदण्डमा राखी मितव्ययिता कायम गर्नु पर्दछ। साथै त्यसरी वितरित सहायता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ।

३५ **ईन्धन**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लि. ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा दुई पाङ्ग्रे २४ थान, पिक अप १ थान, एम्बुलेन्स १ थान, ब्याक होल्डर १ थान र टिप्पर १ थान रहेकोमा यस वर्ष इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.१८२९२०७।०० र इन्धन पदाधिकरी शिर्षकमा रू.४८८९६२।०० गरी रू २३७८१६९।०० इन्धनमा खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। ईन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्छ।

३६ **सवारी साधन मर्मत खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम ढाँचामा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५

बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकामा दुई पाङ्ग्रे २४ थान, पिक अप १ थान, एम्बुलेन्स १ थान, ब्याक होल्डर १ थान र टिप्पर १ थान रहेकोमा यस वर्ष सवारी साधन मर्मतमा रू.१३३४९३६।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मत खर्चको अभिलेखाङ्कनलाई तोकिए बमोजिम व्यवस्थित बनाई यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

## ३७ खाना तथा विविध खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना खाजा सभा सञ्चालन लगायत अन्य विविध खर्च तर्फ रू.२४६७३६०।०० खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

## ३८ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.२९१३२११।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

## ३९ भ्रमण खर्च र अभिलेख

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.८३२९७०।०० र भ्रमण खर्च रू.१४३४८७७।०० समेत रू.२२६७८४७।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमण खर्चको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

## ४० बिदुर तथा टुहुरा बालबालिको लागि समाजिक सुरक्षा भत्ता

मेलौली नगरपालिका एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७५ को बुदा नं. ३ मा बिदुरलाई ५० बर्ष मुनिको र टुहुरा बालबालिकाको उमेर १५ बर्ष मुनिको लाई भत्ता दिने व्यवस्था गरेको र बुदा नं. ११ मा सोको अनुगमन सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले यो वर्ष विदुर तथा टुहुरा बालबालिकाको लागि रू.२०६३२६६।०० भत्ता वितरण गरेको छ। उक्त कार्यविधि अनुसार भत्ता वितरण गरेको अनुगमन भएको देखिएन। आफ्नो जिवन निर्वाह गर्नका लागि आफै काम गर्न नसकिने अवस्थामा रहेको विदुर तथा टुहुरा बालबालिकालाई आफन्त नभएको अवस्थामा पहिचान गरी मात्र भत्ताको व्यवस्था गर्नु पर्छ। साथै यस्ता खर्च पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ।

## ४१ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९१४१५००।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.३५८००९३।९४ रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## ४२ पदाधिकारी तथा कर्मचारी बैठक भत्ता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारीको बैठक भत्ता वापत रू.७७८८००।०० र कर्मचारीको बैठक भत्ता वापत रू.२९५१५०।०० समेत जम्मा रू.१०७३९५०।०० खर्च गरेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

## ४३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.३५८००९४।०० राजस्व बाँडफाँटबाट रू.८०२७७४४०।००, अनुदानबाट रू.३६२७२१०२६।०० तथा अन्य प्राप्ति रू.५७५४०५१।०० समेत रू.४५२३३२६११।०० प्राप्त भएकोमा चालु तर्फ रू.३३६४८२३३१।००, अन्यकोष तर्फको भुक्तानी रू.६४३६९२९ र पूँजीगत तर्फ रू.८८०७६१०७।०० समेत रू.४३०९९५३६७।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ७८.०७ प्रतिशत चालु र २०.४३ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु खर्चलाई पुँजिगत खर्चको दिगोपना बढाउन प्रयोग गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राख्न आवश्यक मापदण्ड बनाउनु पर्दछ।

## ४४ नियम पालन नगरी बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा निम्नानुसार सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन तथा सूचना प्रकाशन गरी रू.१००८५२।०० भुक्तानी गरेकोमा सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्दछ।

| भौ न मिति | सुचना प्रकाशान गर्ने एजेन्सीको नाम | भुक्तानी भएको रकम | ३ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| १२४।३।२२ | भेटघाट मिडिया प्रा लि | १००८५२।०० | ३०२६।०० |
| | | प्रमाण पेश नगरेको | ३,०२६ |

## ४५ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | २८६० |
| मृत्युदर्ता | ५६५ |
| बसाईसराई दर्ता | २१२ |
| विवाह दर्ता | ६१५ |
| सम्बन्धविच्छेद दर्ता | ५ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वियनमा छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ९ वडाहरुमा ९ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यो बर्ष ७९ जनालाई रोजगारी उपलव्ध गराई रू.४४३३६४९.५९।०० खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ११ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रू.२८२६२९०४।००, दोस्रो त्रैमासिकमा रू.२८४६०२०९।००, तेस्रो त्रैमासिकमा रू.२८७२९२९६।०० र चौथो त्रैमासिकमा रू.२८३२८,५१२।०० समेत रू.११३७८०९२१।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

४७.१ **दोहोरो भुक्तानी-** पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गर्नलाई कुमारी बैक, मेलौलीमा रकम पठाउँदा बाल पोषण भत्ता(क्षेत्र तोकिएका बालबालिका) भुक्तानी गर्दा निम्नानुसार व्यक्तिको नाम, बाजेको नाम, बाबुको नाम, आमाको नाम र जन्म मिति एउटै भएको तर परिचय नम्बर मात्र फरक राखी भुक्तानी भएको देखियो। सो सम्बन्धमा एकीन गरी दोहोरो भुक्तानी नभएको पुष्ट्याई पेश गर्नुपर्ने अन्थया १२ महिनाको हिसावले असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

| क्र सं | नाम | वडा | जन्ममिति | परिचयपत्र नं. | बैंक खाता नं | बाजेको नाम | बाबुको नाम | आमाको नाम | भत्ता रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रिया चन्द | ४ | २०७७।०९।२३ | २०७७०९२३१०३८८ | २७१०१७९९९९६०००००१ | गणेश चन्द | देवेन्द्र ब चन्द | मिना कुमारी चन्द | ६३८४।०० |
| २ | पुनम भट्ट | ७ | २०७८।४।२४ | २०७८०४२४०९७८३ | २७१०१९६३२८३०००००१ | चन्द्र देव भट्ट | खेमराज भट्ट | पार्वती जोशी | ६३८४।०० |
| ३ | राधिका चन्द | ७ | २०७८।०८।१६ | २०७८०८१६०७५९४ | २७१०२२८०८४३०००००१ | भरत चन्द | धिरेन्द्र ब चन्द | जानकी चन्द | ६३८४।०० |
| | | | | जम्मा | | | | | १९१५२।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१५२ |

४७.२ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिको उल्लिखित व्यवस्था पालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

४७.३ **अनुगमन तथा नियमन**- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

## ४८ आइसिटी ल्याव स्थापना

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

| **क्र.स.** | **विद्यालयको नाम** | **कार्यक्रम** | **निकाशा रकम** |
|---|---|---|---|
| १ | श्री गंगेश्वर आ वि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| २ | श्री चन्द्रपुर आ वि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| ३ | श्री शारदा आ वि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| ४ | श्री मणिलेक मा वि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| ५ | श्री विजयपुर मा वि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| | जम्मा | | ३२५००००।०० |

४९	**नमुना विद्यालय निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले बजेट खर्च गर्दा त्यस्तो खर्चको प्रमाण पुष्टि गर्ने बिल भरपाई समेत संलग्न राख्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नमुना विद्यालय श्री मणिलेक नमुना मा. वि. लाई शैक्षिक तथा व्यवस्थापकीय गुणस्तर सुधारको लागि रू.४५०००००।०० निकासा दिइएकोमा सम्बन्धित विद्यालयले पेश गरेको कार्ययोजना अनुसार कार्यक्रम सम्पन्न गरेको प्रमाण कागजातहरु पेश गरेको छैन। सम्बन्धित विद्यालयबाट प्रस्ताविक कार्ययोजना अनुसार कार्यक्रम सम्पन्न भएको प्रमाण कागजात पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

५०	**शिक्षकको तलब भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी विभिन्न विद्यालयहरुमा ५७ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानिकरण अनुदाबाट रू. १४४९५९९९।९९ तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

| विवरण | अनुदान | खर्च रकम रू |
|---|---|---|
| आ वि शिक्षक (1-5) नगर अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ५०८१९९९.९९ |
| मा वि (9-10) नगर अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ३२५६०००. |
| आ वि शिक्षक (1-8) नगर अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ३९०४०००. |
| मा.वि (9-12) नगर अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | २२५४०००. |
| जम्मा | | १४४९५९९९.९९ |

५१	**परिक्षा व्यवस्थापन खर्च**

स्थानीयत तहले आधारभुत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ कक्षा आठको परीक्षाको स्तरीयत, प्रमाणीकरण र एकरूपता कायम हुने गरी परीक्षा समितिमार्फत परीक्षा सञ्चालन गर्दा रू.८४६८५९।०० खर्च गरेको छ। पालिकाले परिक्षा सञ्चालन गर्दा परीक्षा खर्चको नर्मस बनाएको देखिएन। परीक्षालाई थप व्यवस्थित बनाउनका लागि नर्मस निर्माण गरी सोही नर्मसको अधारमा खर्च लेख्नु पर्दछ।

| विवरण | श्रोत | खर्च |
|---|---|---|
| कक्षा ८ नियमित परिक्षा संचालन व्यवस्थापन | राजस्व बाँडफाँड - संघीय सरकार | ४९९८७७. |
| कक्षा ८ को ग्रेड वृद्धि परिक्षा संचालन व्यवस्थापन | राजस्व बाँडफाँड - संघीय सरकार | ३४६९८२. |
| जम्मा | | ८४६८५९. |

५२	**पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.४.६.१ अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको

७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने व्यवस्था छ। शैक्षिक शत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम अनुदान दिने व्यवस्था छ। पालिकाले पाठ्यपुस्तकको निकासा दिँदा नयाँ शैक्षिकसत्रको विवरण हेरी मात्र थप निकासा दिनुपर्नेमा देहायका विद्यालयहरुमा २०८१ को IEMIS अनुसार देखिएको विद्यार्थी संख्या भन्दा बढी सेट पाठ्यपुस्तक खरिदको लागि निकासा दिएको सम्बन्धमा पालिकाबाट थप एकिन गरी विद्यार्थी संख्या भन्दा बढी सेट पुस्तकबाट निकासा भएको पुष्टाई गर्ने प्रमाण पेश गर्नु पर्ने अन्यथा रकम फिर्ता गरी संघीय सञ्चित कोषमा फिर्ता दाखिला हुनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | EMIS मा देखिएको (कक्षा ११) (सेट) | भुक्तानी भएको (कक्षा ११) (सेट) | प्रती सेट मुल्य रु. | बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|
| १ | श्री विशालपुर मा.वि. | २ सेट | ४८ सेट | २६९.२८ | १२९२५.४४ |
| २ | श्री विनयपुर मावि | २ | ३२ | २६९.२८ | ८६१६.९६ |
| ३ | श्री दुर्गा मावि | ० | ४० | २६९.२८ | १०७७१.२ |
| ४ | श्री केदारेश्वर मावि | ० | ३२ | २६९.२८ | ८६१६.९६ |
| | जम्मा | | | | ४०९३०.५६ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **११,३०९.७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **६०,८५७.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,९३०.५६ |

५३ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठन हुनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४६ सामुदायिक विद्यालयमा १२३ स्थायी शिक्षकको दरबन्दि रहेकोमा ११६ शिक्षकको पवपूर्ति भएको छ। दरदन्दी अनुसारको शिक्षक पदपुर्ति गरी नियमित पठन पाठन हुने व्यवस्था हुनुपर्दछ।

५४ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रका सामुदायिक विद्यालयमा प्रति कक्षामा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाल अन्तर्गतका अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय एक आपसमा गाभिन सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत

रहेका ४६ सामुदायिक विद्यालय मध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ। विद्यालयहरु एक आपसमा गाभ्ने र गाविई शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| क्र. स. | विद्यालयको नाम | शिक्षकदरवन्दी | | | | पदपूर्ती | | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजिस्रोत | स्थायी | राहत | करार | निजिस्रोत | जम्माशिक्षक | | |
| १ | श्री मणिलेक मा. वि. | १४ | ११ | ० | ० | १४ | ११ | ० | ० | २५ | ९४३ | १:३८ |
| २ | श्री विशालपुर मा.वि. | ७ | ४ | ० | २ | ६ | ४ | १ | २ | १३ | ३६९ | १:२९ |
| ३ | श्री दुर्गा आ. वि. | ३ | ० | ० | २ | ३ | ० | ० | २ | ५ | १५४ | १:३१ |
| ४ | श्री शितलपुर मा. वि. | ४ | ३ | ० | २ | ४ | ३ | ० | २ | ११ | २४३ | १:२२ |
| ५ | श्री सिंगापुर आ. वि. | ० | २ | ० | २ | ० | २ | ० | २ | ४ | ८६ | १:२२ |
| ६ | श्री कमलपुर मा.बि. | ३ | २ | ० | २ | ३ | २ | ० | २ | ९ | ३२७ | १:३६ |
| ७ | श्री जनचेतना आ.वि. | ० | २ | ० | ३ | ० | २ | ० | २ | ३ | १७८ | १:६० |
| ८ | श्री जगतम्बा मा. वि. | ३ | ३ | ० | २ | ३ | ३ | ० | २ | ८ | २०३ | १:२५ |
| ९ | श्री केदारेश्वोर आ.वि. | ० | १ | ० | १ | ० | १ | ० | १ | २ | ३३ | १:१७ |
| १० | श्री दुर्गा मा. वि. | ८ | ३ | ० | २ | ८ | ३ | ० | २ | १३ | ४३१ | १:३३ |
| ११ | श्री नेत्रज्योतिआ.वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | ४३ | १:१४ |
| १२ | श्री गंगेश्वोर आ. वि. | ० | २ | ० | २ | ० | २ | ० | २ | ४ | ११६ | १:२९ |
| १३ | श्री शिव आ. वि. | ३ | ३ | ० | १ | २ | ३ | १ | १ | ७ | १३५ | १:१९ |
| १४ | श्री भरतपुरमा.बि. | ५ | २ | ० | २ | ५ | २ | ० | २ | ९ | २४० | १:२७ |
| १५ | श्री कोल्ताडा आ.वि | २ | ० | ० | १ | १ | ० | १ | १ | ३ | ९१ | १:३० |
| १६ | श्री शारदा आ. वि. | ३ | ० | ० | २ | ३ | ० | ० | २ | ५ | १३९ | १:२८ |
| १७ | श्री चन्दनपुर आ. वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | ५३ | १:१८ |
| १८ | श्री चंद्रपुर आ.वि. | ३ | ० | ० | २ | ३ | ० | ० | २ | ५ | १६० | १:३२ |
| १९ | श्री शिवसंकर आ. वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | २८ | १:९ |
| २० | श्री लक्ष्मीपुर आ.वि. | ४ | ० | ० | ० | ४ | ० | ० | ० | ४ | ४१ | १:१० |
| २१ | श्री सुनिलपुर आ. वि. | १ | १ | ० | १ | १ | १ | ० | १ | ३ | ५९ | १:२० |
| २२ | श्री शिद्धेश्वोरआ.वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | ८६ | १:२९ |
| २३ | श्री धर्मघर मा.वि. | ७ | ६ | ० | १ | ७ | ६ | ० | १ | १४ | ४५५ | १:३३ |
| २४ | श्री जनचेतना आ.वि. | २ | ० | ० | १ | २ | ० | ० | १ | ३ | २६ | १:९ |
| २५ | श्री शान्ति प्रकाशआ.वि. | ३ | ० | ० | २ | ३ | ० | ० | २ | ५ | १२० | १:२४ |
| २६ | श्री प्रितिपुर मा.वि. | ३ | ४ | ० | २ | ३ | ४ | ० | १ | ८ | १४० | १:१८ |
| २७ | श्री पृतीपुर आ.वि. | १ | ० | ० | १ | १ | ० | ० | १ | २ | ११ | १:६ |
| २८ | श्री शुदर्सन मा. वि. | ३ | २ | ० | २ | २ | २ | ० | २ | ६ | १२९ | १:२२ |
| २९ | श्री केदारेश्वोर मा.वि. | १४ | ३ | ० | १ | १४ | ३ | ० | १ | १८ | २४४ | १:८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | श्री विजयपुर मा. वि. | १२ | २ | ० | २ | १० | २ | २ | २ | १६ | ३५३ | १:२२ |
| ३१ | श्री केदार आ.वि. | १ | २ | ० | २ | १ | २ | ० | २ | ५ | ३१ | १:६ |
| ३२ | श्री कोटेश्वरआ.व. | ३ | ० | ० | २ | ३ | ० | ० | २ | ५ | १३० | १:२६ |
| ३३ | श्री भूमिराज आ.वि. | ० | २ | ० | ० | ० | २ | ० | ० | २ | ८ | १:४ |
| ३४ | श्री नवज्योति आ.वि. | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | ३५ | १:३५ |
| ३५ | श्री निलपाल आ.वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | ९२ | १:३१ |
| ३६ | श्री केदार आ.वि. | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ३१ | ०:३१ |
| ३७ | श्री जनचेतना आ.वि. | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | ४८ | १:४८ |
| ३८ | श्री नैनेश्वोरी आ.वि. | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | १९ | १:१९ |
| ३९ | श्री सुनौलो आ. वि. | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | २१ | १:२१ |
| ४० | श्री लक्ष्मीपुर आ.वि. | २ | १ | ० | ० | २ | १ | ० | ० | ३ | ११५ | १:३८ |
| ४१ | श्री गोपान्चल आ.वि. | २ | १ | ० | ० | २ | १ | ० | ० | ३ | ४१ | १:१४ |
| ४२ | श्री सरस्वति आ.वि. | ० | २ | ० | १ | ० | २ | ० | १ | ३ | ५२ | १:१७ |
| ४३ | श्री ग्वाल्लेक आ.वि. | २ | ० | ० | १ | २ | ० | ० | १ | ३ | ५२ | १:१७ |
| ४४ | श्री भुवनेश्वोर आ.वि. | २ | १ | ० | ० | १ | १ | १ | ० | ३ | ५० | १:१७ |
| ४५ | श्री भवानिस्थान आ.वि. | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ३९ | १:१३ |
| ४६ | श्री महारुद्रआ.वि. | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | ३८ | १:३८ |
| जम्मा | | १२३ | ७५ | ० | ५७ | ११६ | ७५ | ६ | ५६ | २५३ | ६४५९ | |

उल्लेखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ०:३१ (शिक्षक नभएको अवस्थामा ३१ विद्यार्थी रहेको) देखि १:६९ (१ शिक्षकले ६९ विद्यालय पढाउनु पर्ने) सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन् । अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

५५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने व्यवस्था छ र दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासीक र अर्धवार्षिक रुपमा वितरण गर्नु पर्ने व्यवस्था छ। पालिकाले २०००० परिमाण रु.३५.३९ का दरले खरिद गरी रू. ७९९८१४।०० (मु.अ.कर सहित) खर्च लेखेको देखिन्छ। पालिकाले स्यानिटरी प्याड तोकिए बमोजिम बितरण नगरी स्टोरमा भण्डार गरी राखेको देखियो। यसरी खरिद गरी भण्डार गरेको स्यानिटरी प्याड वितरणको भरपाई पेश हुनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९९,८१४ |

५६ **अनुगमन नियमन सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा मा.वि तह सम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागी आवश्यक नीति निर्माण, अनुगमन, मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य, सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण

अनुसार यो वर्ष पालिका अन्तर्गतका विद्यालयको प्रभावकारी अनुगमन तथा नियमन गरेको देखिएन। ऐन नियममा भएको व्यवस्था अनुसार विद्यालयको अनुगमन तथा नियमन हुनुपर्दछ।

५७ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा कर्मचारीको पारिश्रमिक खर्च लेख्दा २११११ खर्च शिर्षकबाट खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ। स्वास्थ्य तर्फको कर्मचारीको परिश्रमिक वापतको रकम २६३१२ खर्च शिर्षकबाट रू.२४८६५०२९।७८ खर्च लेखेको देखियो। यसरी खर्च शिर्षक फरक पारी लेखिएको खर्चलाई नियमसगँत नदेखिएकोले नियमित हुनु पर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २,४८,६५,०२९.७८ |

५८ **न्यानो झोला**

स्थानीयतह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम) २०८०।८१ को दफा १२ मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम अन्तर्गत ३०० झोला प्रतिगोटा रू.७९२ (मु.अ.कर बाहेक) दरले जम्मा रू.२६८४८८।०० (मु.अ.कर सहित) को खरिद गरिएको छ। न्यानो झोला आपूर्ति भै सकेपछि स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले गुणस्तर चेक जाँच गरेको देखिएन। पालिकाले स्पेशिफिकेसन अनुसार भए नभएको चेक जाँच गर्नुपर्दछ।

५९ **मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका रू २४४०८६०।०० का निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन । मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ ।

| क्र स | भौ न तथा मिति | आपुर्तिकर्ता | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | २२।७।३ | ल्यापट खरिद | आरम्भ ट्रेड कन्सर्न | १४८७९९।०० |
| २ | २७।७।१७ | सिसिटिभि खरिद | कोल्तडी आ वि विशालपुरको लागि | १५००००।०० |
| ३ | १०।७।१ | प्रिन्टर तथा प्रोजेक्टर खरिद | आरम्भ ट्रेड कन्सर्न | ११९५३१।०० |
| ४ | १७।७।३ | सोलार वत्ति सिस्टम खरिद | उर्जा ट्रेडर्स | ३७६१८७।०० |
| ५ | ४७।२।९ | विद्यालयमा प्रयोग हुने डिजिटल सामाग्रीहर | आर एण्ड एन ईलेक्ट्रोनिक्स | ३९९९९३।०० |
| ६ | ७३।३।१२ | मोटरसाइकल खरिद | बागेश्वरी मल्टी मोटर्स | ४१५४५०।०० |
| ७ | ७४।३।१३ | मोटरसाइकल खरिद | बागेश्वरी अटो मेकानिक्स | ८३०९००।०० |
| | | जम्मा | | २४४०८६०।०० |

६० **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार डिपिआर वापत गत वर्ष, आ. व. २०७९।८० मा रू ९ लाख २ हजार ८७० र यो वर्ष रू १२ लाख ३१ हजार २४० समेत विगत २ वर्षमा रू २१ लाख ३४ हजार ११० खर्च भएको देखियो। कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

| आ व २०८०।८१ मा खरिद गरिएका परामर्श सेवाहरु | | | |
|---|---|---|---|
| क्र स | परामर्श सेवाको विवरण | परामर्शदाताकोनाम | कूल खर्चरकम |
| १ | पालिकाको प्रशासकीय भवनको स्ट्रक्चरल एनालाइसेस | क्रियटिभ विल्डर्स प्रा लि | **३८४०४०।००** |
| २ | वडा न ९ को भू उपयोग सम्बन्धि अभ्यास प्रतिवेदन | विशालपुर सामुदायिक सिकाई केन्द्र | **३५००००।००** |
| | केदारमाण्डौ मन्दिरको विस्तृत अध्ययन प्रतिवेदन | सिद्वार्थ ईन्जिनियरिङ | **४९७२००।००** |
| | जम्मा | | १२३१२४०।०० |

## ६१ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट एच डि पि ई पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरु तथा व्यक्तिहरुलाई वितरण गरी खर्च लेखेकोमा उक्त पाईपहरुको जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश गर्नुपर्दछ।

| क्र स | भौ न मिति | आपुर्तिकर्ताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | १३५।३।२४ | नागर्जुन ट्रेड एण्ड सप्लायर्स | पाइप खरिद | १५००००।०० |
| २ | २१।७।३ | पुर्णिमा हार्डवेयर एण्ड बिजुली भण्डार | पाइप खरिद | १५३६९१।०० |
| | जम्मा | | | ३०३६९१।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०३,६९१ |

## ६२ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.१७ लाख ९१ हजार खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कार्यालयले रू. १७ लाख ९१ हजार कन्टिन्जेन्सी खर्च लेखेको देखियो। कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरी खर्च व्यवस्थापन हुनुपर्दछ।

| क्र.स. | कन्टिन्जेन्सीको विवरण | खर्च रकम |
|---|---|---|
| १ | ज्याला | ० |
| २ | दैनिक भ्रमण भत्ता | ७९५०० |
| ३ | इन्धन | ७२२०० |
| ४ | मर्मत | ५१००० |
| ५ | मसलन्द | २७२६६९ |
| ६ | निर्माण खर्च | ० |
| ७ | सम्बन्धित विभागमा पठाएको] | ० |
| ८ | अन्य | १३१५९०० |
| | जम्मा | १७९१२६९ |

६३ **एजविल्ट ड्र्ईङ्ग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले निर्माण सम्पन्न गरेका विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। सम्झौता समेतमा एज विल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था हटाएको देखियो। कानुनको भएको व्यवस्थाको पालना हुनुपर्दछ।

६४ **खरिद नियमको पालना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र ५९ (८) मा खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा वा सम्झौता बमोजिम प्रगति नदेखिएमा खरिद सम्झौता अन्त्य गरी यदि निर्माण व्यवसायीको कारणले सम्झौता अन्त्य हुन गएको अवस्थामा निजको पुरै धरौटी जफत गरी बाकी काम निर्माण व्यवसायीको खर्चले सम्पन्न गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बिमा र संशोधित कार्यतालिका सहित प्रमाण कागजात संलग्न राखी दिएको निवेदन उपर कारवाही गरी नियमानुसार म्याद थप गर्न सकिने व्यवस्था छ। यस पालिकाको निम्नानुसार योजनाको ठेक्का सम्झौताको म्याद थप गर्दा नियमावलीको उल्लिखित व्यवस्थामा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा मात्र म्याद थपको प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था भएकोमा यहाँ त्यस्तो अवस्था देखिने कुनै अभिलेख लेखापरीक्षणको अवधिमा पेश भएन। कुनै विशेष कारण समेत नखोली कार्यसम्पादन जमानतको म्याद समेत नबढाई, बिमा र संशोधित कार्यतालिका बेगर म्याद थपको लागि पेश भएको निवेदनको आधारमा कार्यपालिकाको मिति २०८०।८।२२ को निर्णयले एकमुष्ठ एक पटकको लागि मात्र भनि २०८० पौष ३० सम्म म्याद थप गर्ने निर्णय भएको देखियो। जुन नियम सम्मत देखिदैन। ठेक्का सम्झौताको म्याद थप्दा नियमावलीमा भएको व्यवस्थाको अनुशरण हुनुपर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | शुरु सम्झौता अवधि | म्याद थप अवधि | हाल सम्मको कामको अद्यावधिक अवस्था |
|---|---|---|---|---|---|
| नगरपालिकाको प्रशासकीय भवन निर्माण | न्यू हुनैनाथ निर्माण सेवा | ७५४९१५३।०० | २०७६।११।७ देखि २०७७।३।१ | २०८०।९।३० | ८३ वित्तीय प्रगति |
| मणिलेक स्कूल भवन निर्माण | न्यू जगदम्वा निरर्माण सेवा | ८८९४६४१।०० | २०७९।११।१५ देखि २०८०२।३० | २०८०।९।३० | ८८ प्रतिशत वित्तीय प्रगति |
| मणिलेक क्याम्पस भवन निर्माण | न्यू श्रीकेदार निर्माण सेवा | ५९२८२१५।०० | २०७९।११।२८ देखि २०८०।०२।३० | २०८०।९।३० | ९१ प्रतिशत वित्तीय प्रगति |
| लामालेक खालिगाड तिताबै सडक निर्माण | दुर्गा भवना निर्माण सेवा | २७५७४७८।०७ | २०७८।८।२८ देखि २०७८।१२।३० | २०८०।९।३० | ९४ प्रतिशत वित्तीय प्रगति |
| मेलौली मन्दिर परिसर घेरवार तथा गेट निर्माण पर्यटन पुर्वाधार | गौरा कन्स्ट्रक्सन | ३३७३५३९४।०० | २०७८।४।११ देखि २०८०।६।६ | २०८०।९।३० | ३१ प्रतिशत वित्तीय प्रगति |
| मेलौली मन्दिर परिसर फोहोरमैला व्यवस्थापन | अखिल निर्माण सेवा | २६५७१८९।०० | २०७९।१२।१२ देखि २०८०।३।१५ | २०८०।९।३० | १०३ प्रतिशत वित्तीय प्रगति |
| नगरपालिका मन्दिर परिसर घेरा पर्खाल तथा गेट निर्माण पालिका | अखिल निर्माण सेवा | ६२०७८३५।०० | २०७९।१२।१२ देखि २०८०।३।१५ | २०८०।९।३० | ८४ प्रतिशत वित्तीय प्रगति |

## ६५ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार गत वर्ष भुक्तानी बाकी रू४०५६२५६।०० र यो वर्षको रू ६४६३४३।०० समेत कूल रू ५७०२५९९।०० को मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। सम्भावित प्याकेज बनाउन सकिने मोटरसाइकल खरिद खरिद कार्यलाई टुक्रा पारी सोझै खरिदको सीमा रू.१० लाखमा ल्याई २ पटकमा रू.१२४६३५०।०० को सोझै गरेको खरिद कार्य नियमसम्मत देखिएन। सोझै खरिद हुदाँ लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन।प्याकेजमा समावेस गर्न सकिने कार्य सोझै खरिद गरेको खर्च नियमित हुनुपर्दछ।

| क्र. स. | भौ न तथा मिति | आपुर्तिकर्ता व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २।६।१३० | गा वि स भवन मर्मत | अखिल निर्माण सेवा एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ६३५०५० | गत वर्षको भुक्तानी |
| २ | ४।७।१ | पेल्या तितावै सडक मर्मत | हिमशिखर निर्माण सेवा | ४७३८२७ | गत वर्षको भुक्तानी |
| ३ | ५।७।१ | खालागाड बुगामरण सडक मर्मत | गणेश निर्माण सेवा | ७३२५६२ | गत वर्षको भुक्तानी |
| ४ | ६।७।१ | वडा न ३ वडा कार्यालय पर्खाल निर्माण | चन्द्र प्रकाश निर्माण सेवा | ९१९०६२ | गत वर्षको भुक्तानी |
| ५ | ४३।८।१७ | पेल्या सडक निर्माण | एस के निर्माण सेवा | १४८१०२ | गत वर्षको भुक्तानी |
| ६ | ८।७।१ | फर्निचर खरिद | डि एण्ड जि ट्रेड सप्लायर्स | १९९४४५ | गत वर्षको भुक्तानी |
| ७ | २१।८।३ | पाइप खरिद | पुर्णिमा हार्डवेयर | १५३६९१ | गत वर्षको भुक्तानी |
| ८ | २२।७।३ | ल्यापट खरिद | आरम्भ ट्रेड कन्सर्न | १४८७९९ | गत वर्षको भुक्तानी |
| ९ | २७।७।१७ | सिसिटिभि खरिद | कोल्तडी आ वि विशालपुरको लागि | १५०००० | गत वर्षको भुक्तानी |
| १० | १०।७।१ | प्रिन्टर तथा प्रोजेक्टर खरिद | आरम्भ ट्रेड कन्सर्न | ११९५३१ | गत वर्षको भुक्तानी |
| ११ | १७।७।३ | सोलार वत्ति सिस्टम खरिद | उर्जा ट्रेडर्स | ३७६१८७ | गत वर्षको भुक्तानी |
| | जम्मा | | | ४०५६२५६ | |
| १२ | ४७।२।९ | विद्यालयमा प्रयोग हुने डिजिटल सामाग्रीहर | आर एण्ड एन ईलेक्ट्रोनिक्स | ३९९९९३ | यो वर्ष |
| १३ | ७३।३।१२ | मोटरसाइकल खरिद | बागेश्वरी मल्टी मोटर्स | ४१५४५० | यो वर्ष |
| १४ | ७४।३।१३ | मोटरसाइकल खरिद | बागेश्वरी अटो मेकानिक्स | ८३०९०० | यो वर्ष |
| | जम्मा | | | १६४६३४३ | |
| | | | | अनियमित भएको | १२,४६,३५० |

६६ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजनक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण

सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण तथा औषधि खरिद कार्यको लागत अनुमानको ४४ प्रतिशत देखि ५८ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ४३ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

| क्र. स. | कामको विवरण | निर्माण ब्यबसायीको नामर ठेगाना | सम्झौतार भुक्तानी सम्बन्धी विवरण | | लागत अनुमान भन्दा कवोल अङ्क घटेको प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लागत अनुमान विवरण | सम्झौतारकम | |
| १ | पच्कोरा तितावै सडक निर्माण | अखिल निर्माण सेवा | १२००००००।०० | ५१७७६२०।०० | ५७.००% |
| २ | पच्कोरा तितावै सडक निर्माण दोस्रो चरण | हिमशिखर निर्माण सेवा | ६५४२९७८।०६ | ३१९०९८३।४१ | ५१.००% |
| ३ | तिनजोरा हराडाखान खाडा सडक मर्मत | महारुद्र निर्माण सेवा | ३००००००।०० | १६७६८१८।३० | ४४.००% |
| ४ | औषधि खरिद | रौलेकेदार मेडिसिन सप्लायर्स | २९९९८६५।०० | १२५०४५८।०० | ५८.००% |

६७ **कार्य सम्पादन जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का सम्झौताको म्याद थप गरेका निम्नानुसार योजनामा ठेकेदारले तोकिएको भन्दा न्यून अवधिको म्याद भएको कार्य सम्पादन जमानत पेश गरेको देखियो। अतः सम्बन्धित निर्माण व्यावसायीबाट पुर्ण अवधिको कार्य सम्पादन जमानत पेश गराउनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौताको अन्तिम मिति | कार्यसम्पादन जमानतको म्याद | कार्य सम्पादन जमानतको हुनु पर्ने म्याद |
|---|---|---|---|---|
| नगरपालिकाको प्रशासकीय भवन निर्माण | न्यू हुनैनाथ निर्माण सेवा | २०८०।९।३० | २०८१।६।३० | २०८१।१०।३० |
| मेलौली मन्दिर परिसर भित्र फोहोरमैला व्यवस्थापन | अखिल निर्माण सेवा | २०८०।९।३० | २०८१।४।१५ | २०८१।१०।३० |
| मेलौली अन्तर्गतका सार्वजनिक सौचालय निर्माण | हिमशिखर निर्माण सेवा | २०८१।७।३० | २०८२।४।१५ | २०८२।८।३० |
| मेलौली अन्तर्गतका सार्वजनिक सौचालय निर्माण | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन | २०८१।७।३० | २०८२।४।१५ | २०८२।८।३० |
| पच्कोरा तितावै सडक नर्माण | अखिल निर्माण सेवा | २०८१।७।३० | २०८२।४।१५ | २०८२।८।३० |
| पच्कोरा तितावै सडक नर्माण | हिमशिखर निर्माण सेवा | २०८१।७।३० | २०८२।४।१५ | २०८२।८।३० |

६८ **भेरिएसन आदेश जारी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा पाँच प्रतिशत सम्मको भेरिएसन आदेश राजपत्राङ्कित द्वतीय श्रेणीको कार्यालय प्रमुखले, १० प्रतिशत सम्मको भेरिएसन आदेश राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले, १५ प्रतिशत सम्मको भेरिएसन आदेश विभागीय प्रमुखले र पन्ध्र प्रतिशत भन्दा माथि पच्चिस प्रतिशत सम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले जारी गर्न सक्ने व्यवस्था छ। यसै दफाको उपदफा २ मा पच्चिस प्रतिशत भन्दा माथिको भेरिएसन आदेशको सम्बन्धमा ऐनको दफा २ को उपदफा ४ मा व्यवस्था भएको स्थानीय तहको सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। यस पालिकाले आफ्नो स्थानीय तहको सार्वजनिक खरिद नियमावली बनाएको छैन। पालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्यको भेरिएसन आदेश स्थानीय तहको कार्यपालिकाले जारी गरेको छ। स्थानीय तहको सार्वजनिक खरिद नियमावली नबनिसकेको तथा संघीय सार्वजनिक खरिद ऐन तथा नियमावलीले स्पष्ठ व्यवस्था नभएको अवस्थामा कार्यपालिकाले गरेको निर्णय विधिसम्मत भएको मान्न सकिने अवस्था देखिदैन। स्थानीय तहले सार्वजनिक खरिद नियमावली पारित गरी भेरिएसन आदेशको सम्बन्धमा स्पष्ठ व्यवस्था गरेर मात्र निर्णय गर्नु पर्दछ। भेरिएसन आदेश वेगर सम्झौता अंक भन्दा घटि गरेको कार्य नियमित हुनुपर्दछ।

| **योजनाको नाम** | **ठेकेदार** | **शुरु सम्झौता** | **भेरिएसन पश्चातको सम्झौता अंक** | | **भेरिएसन प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| मणिलेक मा वि भवन निर्माण | न्यू जगदम्बा निर्माण सेवा | ७२७२६३२।०० | ८८९४६४१।०० | १६२२००९।०० | २२.३०% | कार्यापालिका |
| मेलौली नगर परिसर फोहोर मैला व्यवस्थापन | अखिल निर्माण सेवा | २६५७१८९।०० | २७६१७२१।०० | १०४५३२।०० | ४.७२% | प्रमुख प्रशासकीय अधिकृत |
| मणिलेक क्याम्पस भवन निर्माण | न्यू श्रीकेदार निर्माण सेवा | ५९२८२१५।०० | ५३९३१४९।०० | -५३५०६६।०० | -९% | नभएको |

| | |
|---|---|
| अनियमित भएको | ५,३५,०६६ |

६९ **एकिकृत स्वास्थ्य पुर्वाधार विकास**

नेपाल सरकारले स्वास्थ्य संस्थाहरुको पुर्वाधार विकास गरी स्थानीय तहको स्वास्थ्य क्षेत्रको स्तरोन्नति गर्ने उद्देश्यले स्थानीय तहको मातहतमा रहने गरी अस्पताल भवन निर्माण गर्ने योजना अनुसार यस पालिकामा १० सैयाको भवन निर्माण योजना स्वीकृत भएको छ।

गत आर्थिक वर्ष २०७९।८० मा भवन निर्माणको लागि तयार पारिएको डिपिआर समेत स्वीकृत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ठेक्का खोल्न निर्देशन सहित रू.३५ लाख समेत विनियोजन भएकोमा जग्गा विवादले हाल सम्म यो योजना अघि बढ्न सकेको छैन। सम्बन्धित पक्षहरु सँग समन्वय गरी योजना सम्पन्न गर्नुपर्दछ।

७० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०मा पेश्की दिनुपर्ने गरी खरिद सम्झौता गर्दा काम पुरा हुनुपर्ने भनि तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो बाँकी पेश्की रकमको म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज र साँवा एकमुष्ठ बुझाउनु पर्ने कुरा सम्झौतामा नै उल्लेख गरी असुल गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा पेश्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भएको नपाइएमा सम्बन्धित पक्षले पेश गरेको बैङ्क जमानत जफत गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा न ५ खालीगडा कार्यालय भवन निर्माणको लागि न्यू जगदम्वा निर्माण सेवालाई मिति २०८०।९।२५ मा दिएको पेश्की रू ५५००००।०० को पेश्की जमानतको म्याद २०८१।१।४ सम्म मात्र रहेकोमा हालसम्म पेश्की फछर्योट भएको छैन। त्यसैगरी पेश्की जमानतको म्याद समेत थप गरेको छैन। तोकिएको म्याद भित्र फछर्योट हुन नसकेको पेश्कि फिर्ता असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०,००० |

७१ **प्रशासकीय भवन निर्माण**

७१.१ **प्रशासकीय भवन निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा मिति २०८०।११।२१ सम्म प्रचलित कानून बमोजिम म्याद थप भई वा हुन नसकेका चालु हालतमा रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थल उपलव्ध हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माण स्थलमा प्राकृतिक विपद परेको लगायतको कारणबाट सम्झौता बमोजिमको अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताको हकमा त्यस्तो आयोजनाको निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि संशोधित कार्यतालिका, म्याद थपका कारण थप आर्थिक दावि नगर्ने प्रतिवद्धता, कार्यसम्पादन जमानत, कायम रहेको विमा समेत पेश गरी निवेदन दिएमा उक्त कार्यालिका जाँच गरी म्याद थप हुन सक्ने व्यवस्था छ। त्यसै गरी नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढाई प्रति दिन शुन्य दशमलव शुन्य पाँच (०.०५) प्रतिशतले पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा शुरु सम्झौताको अवधिको १५ प्रतिशत सम्म बोलपत्र स्वीकृत गर्ने व्यक्तिले, २५ प्रतिशत सम्म विभागीय प्रमुखले र सो भन्दा बढि अवधि मन्त्रालयको सचिवले म्याद थप गर्न सक्ने व्यवस्था छ। नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यको लागि मिति २०७६ फागुन ७ गते न्यू हुनैनाथ निर्माण सेवा र यस पालिका विच भएको सम्झौता अनुसार २०७७ असार १ गते भित्र कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू.७५४९१५३।०० (मु अ कर सहित) भएकोमा हाल लेखापरीक्षण अवधि सम्म दुई वटा विलबाट रू.६२५६३९८।०० भुक्तानी भएको छ। ३ महिनाको शुरु सम्झौता भएको निर्माण कार्यको पछिल्लो पटक कार्यपालिकाले गरेको निर्णय अनुसार २०८० पौष ३० सम्म सम्झौताको म्याद थप भएबाट ४३ महिना म्याद थप भएको देखियो। जुन सम्झौता अवधिको १४३३ प्रतिशत हुन जान्छ। उल्लिखित म्याद थप भएको सम्बन्धमा नियममा उल्लेख भए बमोजिम काम हुन नसकेको कारण पुष्ट्याई, संशोधित कार्यातालिका र प्रतिवद्दता सहित पेश भएको नदेखिनुका साथै बिमा र कार्यसम्पादन जमानत समेत नियमानुसार अवधिको पेश भएको देखिदैन। यस अवधिमा पालिकाले धेरै पटक ताकेता पत्र लेख्दा समेत समयमा कार्य सम्पन्न गर्ने तदारुकता सम्बन्धित निर्माण व्यवसायीले देखाएको छैन। तसर्थ उल्लिखित अवस्थालाई मध्येनजर गरी २०८० पौष ३० देखी असार मसान्त सम्मको १८० दिनले हुने पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी निर्माण कार्य सम्झौता र कानून बमोजिम हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ६,७९,४२३ |
|---|---|

७१.२ **बढि भुक्तानी**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नगरपालिकाको प्रशासकीय भवन निर्माणको दोस्रो रनिङ विल वापत ठेकेदार न्यू हुनैनाथ निर्माण सेवालाई पेश भएको ठेक्का बिल तथा नापी किताव अनुसार रू.२२०५७१३।०० भुक्तानी गर्नुपर्नेमा कन्टिन्जेन्सी समेत जोडिदा भौ न ५१।२०८१।३।२४ बाट रू.२२८३७९२।०० भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रू ७८०७९।०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ७८,०७९ |
|---|---|

७२ **बिशेष अनुदान बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष जगदम्बा मा वि मल्टिस्टोरी भवन निर्माणको लागि प्राप्त बिशेष अनुदान मध्ये रू.१९ लाख सम्बन्धित निर्माण व्यवसायी श्री दोगडाकेदार अखिल जेभीलाई पेश्कीको रुपमा भुक्तानी गरी उक्त पेश्की यो वर्ष भरीमा फर्स्यौट भएको देखिएन।अत उल्लिखित नियमावलीको प्रावधान अनुसार यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

| प्रमाण पेश नगरेको | १९,००,००० |
|---|---|

७३ **प्रमाण नपुगेका निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी कितावमा उल्लिखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा खरिदको विल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्दछ।

| भौनमिति | योजनाकोनाम | कामकोविवरण | निर्मितसंरचनापरिमाण | आवश्यकपरिमाण | पेशभएकोविलअनुसारपरिमाण |
|---|---|---|---|---|---|
| ३४।२।२१ | द्वारिकादेविचन्दठकुरानीस्मृतिप्रतिष्ठानभवननिर्माण | Bricks Massonry 1:6 | 23.18 | 12981 bricks | 11400 bricks |
| ३६।२।२३ | डंगोसिचाईपोखरीयोजनाढणौना | PCC 1:2:4 | 2.23 | 14.27 | 40 |
| | | Stone Massonry 1:4 | 11.22 | 35.68 | |
| ५२।२।३० | पिसिसिबाटोकोटबडिबजारउस | PCC 1:2:4 | 11.39 | 72 | 50 |
| ६०।३।४ | रौतगाँउखानेपानीस्टोरभवननिउस | PCC 1:1.5:3 | 6.51 | 52 | 40 |
| | | PCC 1:3:6 | 0.26 | 2 | |
| ५५।२।३१ | तल्लीवार्सीसिचाईकुलोमर्मतउस | PCC 1:2:4 | 8.43 | 54 | 44 |
| | Tota | | | | |

| प्रमाण पेश नगरेको | १,८२,८६७.५८ |
|---|---|

७४ **प्रमाण नपुगेको निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले सम्पादन गरेको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट उपभोक्ता समिति मार्फत संचालित निम्नानुसार निर्माण कार्यमा हेभि मेसिन तथा एक्साभेटर प्रयोग गर्ने गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई नै कार्य सुम्पिएकोमा उपभोक्ता समितिले पेश गरेको कागाजतबाट निम्नानुसार मेसिनबाट हुने कार्य बापतको खर्चको सम्बन्धमा मेसिन प्रयोग भएको बिल वा प्रमाण पेश गर्नुपर्ने अन्यथा प्रमाण नपुगेको भुक्तानी रकमबाट उपभोक्ता समितिको अंश कटाई असुल हुनुपर्दछ।

| भौ न मिति | योजनाको नाम | प्राविधिक विल अनुसार मेसिन प्रयोग हुनुपर्ने मुल्याङ्कन रकम | पेश भएको मेशिन प्रयोगको विल रकम | विजक जारी गर्ने निर्माण व्यवसायी | नपुग प्रमाण रकम |
|---|---|---|---|---|---|
| १२।७।२ | खलिगरा सेरा भुर्काली सडक निर्माण उ स | ४५८२६१।०० | ३८६९६१।०० | गंगलेश्वर निर्माण सेवा | ७१३००।०० |
| ४९।२।२९ | ढणोन लक्षमार्या सडक स्तरोन्नति उ स | ६१७७८९।०० | ५२४८७३।०० | आराध्य ईन्जिनियरीङ सोलुशन प्रा लि | ९२९१६।०० |
| १०२।३।२१ | सेरा भुर्काली तोल्या सडक निर्माण उ स | ८८९६२४।०० | ७६८०००।०० | कर्णाली निर्माण सेवा | १२१६२४।०० |
| १४१।३।२४ | कुजागाड देखि टावर जोड्ने सडक नि उ स | ४२२४५९।०० | ३५४०२०।०० | गंगलेश्वर बेताल निर्माण सेवा | ६८४३९।०० |
| १४२।३।२४ | केदार आ वि देखि चिनाडि चौरङ्गे सडक निर्माण उ स | १५७३९७।०० | १३३७७१।०० | गंगलेश्वर बेताल निर्माण सेवा | २३६२६।०० |
| | जम्मा | | | | ३७७९०५।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७७,९०५ |

७५ **लागत सहभागिता**

सांस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उपलव्ध गराउने पर्यटन पुर्वाधार विकास कार्यक्रमको लागत साझेदारी नेपाल सरकार स्रोतबाट ७० प्रतिशत र स्थानीय तहको स्रोतबाट ३० प्रतिशत निर्धारण गरेको छ। पालिकाले पर्यटन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत मेलौली भगवति मन्दिर जाने बाटो मन्दिर पार्क निर्माण तथा परिसर गेट निर्माण कार्यको लागि उक्त कार्यको ठेकेदार गौरा कन्स्ट्रक्सन प्रा. लि. लाई निम्नानुसार रनिङ् बिलहरुबाट रू. १४५५९८४५।०० भुक्तानी गर्दा नेपाल सरकारको स्रोतबाट ७० प्रतिशतले हुने रू. १०१९१८९२।०० र नगरपालिकाको स्रोतबाट ३० प्रतिशतले हुने रू. ४३६७९५३।०० भुक्तानी हुनुपर्नेमा नगरपालिकाको स्रोतबाट रू. ९५२८६९२।०० भुक्तानी भएको देखियो। अतः नगरपालिकाबाट बढी भुक्तानी भएको रू. ५२६०७३९।०० संघीय सञ्चित कोषबाट समायोजन वा फिर्ता दाखिला हुनुपर्ने वा स्रोत समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

| रनिङ् विल | स्रोत | भुक्तानी भएको रकम | हुनुपर्ने | घटिबढि अनुपात |
|---|---|---|---|---|
| पहिलो | नगरपालिका | १३९१७३०।०० | | |
| | नेपाल सरकार | २५८४६४१।०० | | |
| दोस्रो | नगरपालिका | ३५६२५९१।०० | | |
| | नगरपालिका | ४५७४३७१।०० | | |
| तेस्रो | नेपाल सरकार | २४४६५१२।०० | | |
| **जम्मा** | | **१४५५९८४५।००** | | |
| **नगरपालिकाबाट भएको भुक्तानी** | | **९५२८६९२।००** | **४३६७९५३।००** | **५२६०७३९।००** |
| **नेपाल सरकारबाट भएको भुक्तानी** | | **५०३११५३।००** | **१०१९१८९२।००** | **५१६०७२८।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,६०,७३९ |

## ७६ ढिला राजस्व दाखिला गरेको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव २ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो। यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

## ७७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ७८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ रू.२ करोड ५७ लाख ९४ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.३५८००९३।९४ मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको १३.८७ प्रतिशत आय प्राप्त गरेको छ। आय अनुमान अस्वभाविक भएको देखियो। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न

आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | १०,००,०००.०० | २,३२,८५३.०० |
| २ | वहालकर | ० | २,०१,६९४.०० |
| ३ | वहालविटौरी कर | २,००,०००.०० | ० |
| ४ | सवारीसाधन कर (साना सवारी) | १०,०००.०० | ० |
| ५ | अन्यकर | ० | २७,७६,१७०.९४ |
| ६ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | ० |
| ७ | विद्युतसेवा शुल्क | १,००,०००.०० | ० |
| ८ | अन्यसेवा शुल्क तथा बिक्री | ५०,०००.०० | ६,०००.०० |
| ९ | न्यायिकदस्तूर | ५,०००.०० | ० |
| १० | शिक्षाक्षेत्रको आम्दानी | १०,०००.०० | ० |
| ११ | यातायातक्षेत्रको आम्दानी | ० | १,१६,८००.०० |
| १२ | अन्यप्रशासनिक सेवा शुल्क | १,५१,७९,३०५.७५ | १६,०००.०० |
| १३ | पार्किङ्गशुल्क | ३०,०००.०० | ० |
| १४ | नक्सापासदस्तुर | ५,००,०००.०० | ० |
| १५ | सिफारिशदस्तुर | १०,००,०००.०० | ० |
| १६ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,००,०००.०० | ० |
| १७ | नाताप्रमाणित दस्तुर | २,००,०००.०० | ० |
| १८ | अन्यदस्तुर | ० | ८९,४७६.०० |
| १९ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २०,००,०००.०० | ० |
| २० | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ५०,०००.०० | ० |
| २१ | विद्युतसम्बन्धी दस्तुर | २,००,०००.०० | ० |
| २२ | अन्यक्षेत्रको आय | २,००,०००.०० | ० |
| २३ | न्यायिकदण्ड जरिवाना र जफत | ६०,०००.०० | ० |
| २४ | धरौटीसदरस्याहा | २०,००,०००.०० | ७,०००.०० |
| २५ | अन्यराजस्व | १,००,०००.०० | १,३४,१००.०० |
| २६ | व्यवसायकर | २,००,०००.०० | ० |
| २७ | बेरूजू | २०,००,०००.०० | ० |
| जम्मा | | २,५७,९४,३०५.७५ | ३५,८०,०९३.९४ |

७९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय समानिकरण अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६५८१४४४०.९९ | ३५,८०,०९३.९४ | ५.४३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.४३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८० **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन । त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्टाग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

८१ **राजश्व अभिलेख**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म. ले. प. फा. नं. १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म. ले. प. फा. नं. १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका म.ले.प.फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू.३५८००९३.९४ राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने मलेप फारम नम्वर लगायत अभिलेखहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन। पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी रसिद के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्न पालिकाले विशेष ध्यान पुर्याउनु पर्दछ।

८२ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ । पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको देखिन्छ। तर पालिकाको संचित कोषमा नियमानुसार दाखिला हुनु पर्ने कुनै रकम दाखिला भएको अवस्था देखिदैन । यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ ।

८३ **मु.अ कर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मु अ कर रकमको ३० प्रतिशत कट्टि गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत मु अ कर कट्टि गरि दाखिला गरेको नदेखिएकोले मु अ कर समायोजन पत्र पेश गर्नु पर्ने रू.

| भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|
| **८।७।१** | **डि एण्ड जि ट्रेड सप्लायर्स** | **फर्निचर खरिद** | **२२९४५।००** |
| २२।७।३ | आरम्भ ट्रेड कन्सर्न | ल्यापट खरिद | १७११८।०० |
| १०।७।१ | आरम्भ ट्रेड कन्सर्न | प्रिन्टर तथा प्रोजेक्टर खरिद | १३७५१।०० |
| १७।७।३ | उर्जा ट्रेडर्स | सोलार वत्ति सिस्टम खरिद | २७०६६।०० |
| ४७।२।९ | आर एण्ड एन ईलेक्ट्रोनिक्स | विद्यालयमा प्रयोग हुने डिजिटल सामाग्रीहर | ४६०१७।०० |
| | | | १२६८९७।०० |

| असुल गर्नुपर्ने | १,२६,८९७ |
|---|---|

## ८४ काठ विक्रिमा मु अ कर

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १२(क)२ मा निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि विक्रि गरेमा रोयल्टी नलाग्ने भए पनि राष्ट्रिय वनको काठ सरह मु अ कर लाग्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि गठित लाभग्राही समुदायले काठ खरिद गरेकोमा उक्त विक्रेताहरुले मु अ कर असुल गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित विक्रेताहरुबाट मु अ कर असुल गरी दाखिला गर्नु पर्दछ।

| भौ न. मिति | योजनाको नाम | काठ विक्रेता | काठको विक्री मूल्य | मु अ कर |
|---|---|---|---|---|
| ६०।३।४ | रौतगाँउ खानेपानी स्टोर भवन नि उ स | दिपक भट्ट | ६००००।० | ७८००।०० |
| ८९।३।१३ | श्री कमलपुर मा वि कोटीगाँउ भवन निर्माण उ स | वरनराम लुहार | १५००००।०० | १९५००।०० |
| | जम्मा | | | २७३००।०० |

| असुल गर्नुपर्ने | २७,३०० |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मेलौली नगरपालिका, बैतडी , मेलौली नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सपना कार्की | २०८०-२-१८ | २०८१-८-१७ |
| कार्यालय प्रमुख | नारायण बहादुर चन्द | २०८१-१-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | महेन्द्र सिंह रावल | २०८०-९-१८ | २०८०-१२-३० |
| लेखा प्रमुख | प्रेम राज भट्ट | २०७९-७-१४ | २०८०-८-३० |
| लेखा प्रमुख | दीपक राज जोशी | २०८१-२-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | देव राज राना | २०८०-९-१० | २०८१-२-७ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६३५,२२२ | २७,३६६,८७१.८१ | १४,०६४,२९५.०१ | ० | ० | ७४०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४३,८०६,३८८.८२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५६५,२२०.८७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४३,२४१,१६७.९५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६९०५२४०१.७८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४९५२२०२६ | चालु खर्च | ३३६४८२३३१.१२ |
| प्रदेश सरकारबाट अनुदान | १३१९९००० | पूँजीगत खर्च | ८८०७६१०७.०८ |
| राजश्व बाँडफाँट | ८०२७७४४०.३ | वित्तीय/अन्य व्यवस्था | ३३७०७५६९.७ |
| आन्तरिक आय | ३५८००९३.९४ | | |
| अन्य आय | ५७५४०५१.० | | |
| कुल आय | ४५२३३२६११.२४ | कुल खर्च | ४५८२६६००७.९० |
| बाँकी मौज्दात | | ६३११९००५.१२ | |

## अनुसूची - २

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची - ३

| चालु | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **खर्च शीर्षक** | **स्रोत** | **विनियोजन** | **खर्च** |
| १ | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक श्रोत | ९०००००. | ० |
| २ | बिद्युत बिस्तार सामाग्री खरिद | २२१११ | आन्तरिक श्रोत | ९२,४२९.४५ | ९२,४२९.०० |
| ३ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक श्रोत | ८७,००१.४८ | ८७,००१.०० |
| ४ | मे न पा ६ वडा कार्यालय भवन सुरक्षा पर्खाल | २२२३१ | आन्तरिक श्रोत | ३४३९७३.७६ | ३४३९७३. |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | आन्तरिक श्रोत | ६९,९८०.०० | ० |
| ६ | कार्यालय मसलन्द सामाग्री खरिद | २२३११ | आन्तरिक श्रोत | ५८,६००.०० | ४६,६१२.०० |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | आन्तरिक श्रोत | ६०३३६३.५ | ५२३५३८. |
| ८ | स्थानीय पाठ्यक्रम किताब छपाई | २२३१५ | आन्तरिक श्रोत | ९०,४००.०० | ९०,४००.०० |
| ९ | आइ एल जि प्रोफाईल सम्झौता रकम भुक्तानी | २२५२९ | आन्तरिक श्रोत | ५०००००. | ० |
| १० | संगठन र ब्यबस्थापन ( ओ.एण्ड एम) सर्बेक्षण | २२५२९ | आन्तरिक श्रोत | २५००००. | ० |
| ११ | बाद्यबाधन सामाग्री खरिद मे न पा ९ | २२५२९ | आन्तरिक श्रोत | १९९७८४. | १९९७८४. |
| १२ | वडा. न. मा रहेको ईलाका प्हरी कार्यालय जस्ता पाता जडान | २५३१५ | आन्तरिक श्रोत | ७३९१०४.६३ | ७३९१०४. |
| १३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | आन्तरिक श्रोत | ७०००००. | ७०००००. |
| जम्मा | | | | ४६३४६३६.८२ | २८२२८४१. |

| पुजीगत | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **खर्च शीर्षक** | **स्रोत** | **विनियोजन** | **खर्च** |
| १ | वडा.न. ३ वडा कार्यालय भवन सुरक्षा पर्खाल | ३१११३ | आन्तरिक श्रोत | ९१९०६२.९ | ९१९०६२. |
| २ | पिजास मन्दिर निर्माण | ३१११३ | आन्तरिक श्रोत | ९३,६१८.०० | ९३,६१८.०० |
| ३ | मेशिनरी तथा औजार मर्मत | ३११२२ | आन्तरिक श्रोत | ५८,०००.०० | ५८,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शिक्षा शाखामा प्रिन्टर र प्रोजेक्टर खरिद | ३११२२ | आन्तरिक श्रोत | ११९५३१. | ११९५३१. |
| ५ | ल्यापटप खरिद | ३११२२ | आन्तरिक श्रोत | १४८८००. | १४८७९९. |
| ६ | नया भवनमा फर्निचर खरिद-१ | ३११२३ | आन्तरिक श्रोत | ८३५३५०. | ८३५३५०. |
| ७ | मे न पा १ मा फर्निचर खरिद | ३११२३ | आन्तरिक श्रोत | १९९४४८. | १९९४४५. |
| ८ | नया कार्यालय भवनमा फर्निचर खरिद | ३११२३ | आन्तरिक श्रोत | ३५०६६५. | ३५०६६५. |
| ९ | तोल्या तिताबै सडकको बिस्तृत | ३११५१ | आन्तरिक श्रोत | ७१००००. | ७०२१२५. |
| १० | वडा न. ५ पेल्या तितावै सडक खण्डमा मोड तथा सडक स्तरोन्ति | ३११५१ | आन्तरिक श्रोत | ४७३८२७.०८ | ४७३८२७. |
| ११ | पेल्या रोड देखि सिलिङ्डाडा सम्म ग्राभेल बाटो निर्माण | ३११५१ | आन्तरिक श्रोत | १४८१०२.३८ | १४८१०२. |
| १२ | मे न पा ५ मा सोलार खरिद | ३११५३ | आन्तरिक श्रोत | ३७६१८७. | ३७६१८७. |
| १३ | सुर्नयागाड चौथो जलबिद्युत परियोजना मर्मत | ३११५३ | आन्तरिक श्रोत | ७४,८२५.६३ | ७४,८२५.०० |
| १४ | बुगा भराड खलिगाड पर्खाल निर्माण | ३११५४ | आन्तरिक श्रोत | ७३२५६२. | ७३२५६२. |
| १५ | फोहोरमैला ब्यवस्थापनमा पाइप खरिद | ३११५४ | आन्तरिक श्रोत | १५३६९१.३३ | १५३६९१. |
| १६ | न्वालागाडा न्वाला खानेपानी योजना | ३११५५ | आन्तरिक श्रोत | १४२६४५. | १४२६४५. |
| १७ | छोयापानी सिचाई पोखरी वार्ड न ३ | ३११५५ | आन्तरिक श्रोत | १९२०००. | १९२०००. |
| १८ | खानेपानी मर्मत लिखोडा | ३११५६ | आन्तरिक श्रोत | ६५,७२१.०१ | ६५,७२१.०० |
| १९ | दलित बस्ती खानेपानी मर्मत योजना | ३११५९ | आन्तरिक श्रोत | ४७,७३९.०० | ४७,७३९.०० |
| २० | वडाकार्यालय दुई कोठे शौचालय | ३११५९ | आन्तरिक श्रोत | २०००००. | २०००००. |
| २१ | अनल्ला सिद्धेस्वर खा पा योजना | ३११५९ | आन्तरिक श्रोत | ३०००००. | ११७०९९. |
| २२ | सुनिखोला देखि ओडारपाखा खेतख सिचाई योजना | ३११५९ | आन्तरिक श्रोत | ८५४३३०. | ५८४३३०. |
| २३ | खलीगाड शेरा झुर्काली सडक निर्माण | ३११५९ | आन्तरिक श्रोत | ३८६२६१. | ३८६२६१. |
| २४ | महारुद्र प्रवेश द्वार | ३११५९ | आन्तरिक श्रोत | ४५,५७३.०० | ४५,५७३.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | पिसाच मन्दिर निर्माण | ३११५९ | आन्तरिक श्रोत | ० | ० |
| २६ | स्याल्तडी कुजागाड ढणौन सडक सरसफाई | ३११५९ | आन्तरिक श्रोत | २०७७५२. | २०७७५२. |
| २७ | सामुदायिक भूमी व्यवस्थापन अभ्यास | ३११५९ | आन्तरिक श्रोत | ३५००००. | ३५००००. |
| २८ | दलित लक्षित विविध कार्यक्रम | ३११५९ | आन्तरिक श्रोत | ६०००००. | ६०००००. |
| २९ | केदारमाण्डौ मन्दिर डि पी आर | ३११५९ | आन्तरिक श्रोत | ४९७२००. | ४९७२००. |
| ३० | गँगेस्वर आ वि शौचालय निर्माण | ३११५९ | आन्तरिक श्रोत | १२३९०६. | १२३९०६. |
| ३१ | श्री कोल्तडा आ वि ईग्लिश सेक्शन सँचालन | ३११५९ | आन्तरिक श्रोत | १५००००. | १५००००. |
| ३२ | हरडाखान सिमदोगाडा सडक र आधारभुत स्वास्थ्य केन्द्र जाने सडक सरसफाई | ३११५९ | आन्तरिक श्रोत | १००२००. | ० |
| ३३ | विशालपुर मा वि भवन निर्माण | ३११५९ | आन्तरिक श्रोत | ४७४७९५. | ४७४७९५. |
| ३४ | पि सि सि बाटो निर्माण लिखोडा | ३११५९ | आन्तरिक श्रोत | ३१,८२१.३९ | ३१,८२१.०० |
| ३५ | शान्ति प्रकाश आ वि भवन मर्मत | ३११५९ | आन्तरिक श्रोत | १०००००. | ८९,७८४.०० |
| ३६ | पञ्चश्वर सिचाई कुलो | ३११५९ | आन्तरिक श्रोत | ० | ० |
| ३७ | तोल्यागाड आरसिसि पुल | ३११५९ | आन्तरिक श्रोत | ३५०८९७. | ३५०८९७. |
| ३८ | खानेपमनी सिचाई पोखरी निर्माण ढणोन | ३११५९ | आन्तरिक श्रोत | ० | ० |
| ३९ | सहकारी सहुलियत मूल्य पसल सँचालन | ३११५९ | आन्तरिक श्रोत | २०००००. | २०००००. |
| ४० | तोल्या खानेपानी मर्मत | ३११५९ | आन्तरिक श्रोत | ७३,५४७.०० | ७३,५४६.०० |
| ४१ | हडेली खानेपानी | ३११५९ | आन्तरिक श्रोत | २०९७०८. | २०९७०८. |
| ४२ | घरखेत सिचाई कुलो | ३११५९ | आन्तरिक श्रोत | ९५,०९७.०० | ९५,०७९.०० |
| ४३ | घर सुरक्षा पर्खाल निर्माण | ३११५९ | आन्तरिक श्रोत | ९८,११८.०० | ९८,११८.०० |
| ४४ | तल्लिताल खानेपानी योजना | ३११५९ | आन्तरिक श्रोत | ९४,७५८.०० | ९४,७५८.०० |
| ४५ | सलेना गाविस भवन मर्मत | ३११५९ | आन्तरिक श्रोत | ६३५०५०.२१ | ६३५०५०. |
| ४६ | इस्टकचरल इनबुल्ट एनालाईसिस | ३११६१ | आन्तरिक श्रोत | ३४८०४०. | ३४८०४०. |

| | | | | | |
|---|---|---|---|---|---|
| | अफ मुनिसिपल एक्जक्युटिभ | | | | |
| जम्मा | | | | १२३६८८२८.९३ | ११७९७६११. |
| कुल जम्मा | | | | १७००३४६५.७५ | १४६२०४५२.०० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।